**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०६ अप्रेल २०२५

समयः १८:५० - १६:०० बजे

**<u>मुख्य समाचार</u>**

१. मुख्यमंत्री ममता व्यानर्जीद्वारा उत्तर बंगालका पहिरो र बाढ़ी प्रभावित क्षेत्रमा प्राण गुमाउनेहरूका निकट आफन्तहरूलाई ५-५ लाख रूपियाँको अनुग्रह राशि अनि  घरको एक जनालाई होम गार्डको नोकरी दिने घोषणा।

२. राज्यपाल ड़ा.सी.बी आनन्द बोसद्वारा सिलगड़ी नजीक दुधियाको भ्रमण। स्थानीय मानिसहरूसित कुराकानी।

३. जलपाईगुड़ीको नागरकाटामा बाढ़ी पीड़ितहरूलाई राहत सामाग्री वितरणगर्ने क्रममा भाजपा विधायक डा़ शंकर घोष तथा माल्दा उत्तर का भाजपा सांसद समेन मुर्मु माथि प्राणधातक हमला ।

४. नेपालको इलाम र झापामा आएको बाढ़ी र वर्षाका घटनाहरूमा परि मर्नेहरूको संख्या ४६ पुग्यो।

५. बिहार विधान सभाको चुनाव दुई चरणमा ६ अनि ११ नोभेम्बरकोदिन सम्पन्न गराईने चुनाव आयोगको घोषणा।

**<u>उत्तर बंगाल-मुख्यमन्त्री</u>**

उत्तर बंगालमा भारी वर्षा र पहिरोबाट भएको विनाशको बीचमा, मुख्यमन्त्री ममता बनर्जीले मृतकका परिवारका राहत घोषणा गर्नुभएको छ ।उहाँले मृतकका प्रत्येक परिवारलाई राज्य सरकारबाट ५ लाख रुपैयाँ क्षतिपूर्ति र परिवारका एक सदस्यलाई होमगार्डको नोकरी दिने घोषणा गर्नुभएको छ।आज दिउँसो उत्तर बंगालको बाढी र पहिरो प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुअघि कोलकातामा पत्रकारहरूसँग गर्नुहुँदै, मुख्यमन्त्री ममता बनर्जीले भन्नुभयो, "मलाई थाहा छ पैसाले जीवनको क्षतिपूर्ति दिन सक्दैन, तर सरकारको सामाजिक दायित्व छ,संकटमा परेका मानिसहरूसँग उभिनु। त्यसैले, यो क्षतिपूर्ति र नोकरी सहयोग प्रदान गरिएको छ ताकि प्रभावित परिवारहरू भविष्यमा अरूमा निर्भर नहोस्।" म।उहाँले विपत्तिलाई "मानव निर्मित" भनेर वर्णन गर्नुभयो| मुख्यमन्त्रीले दक्षिण बंगालमा दामोदर उपत्यका निगम (DVC) बाँधबाट पानी छोड्दा बाढीको अवस्था सिर्जना भयो, त्यसरी नै भुटानबाट पानी छोड्दा उत्तर बंगालमा संकट उत्पन्न भएको बताउनुभयो।

भाजपा नेता तथा विधानसभामा विपक्षी दलका नेता शुभेन्दु अधिकारीले मुख्यमन्त्रीको भनाइको आलोचना गर्नुभयो|उहाँले मुख्यमन्त्रीले विपत्तिको समयमा जिम्मेवारीबाट बच्न सधैं दोषारोपणको खेल खेल्छन् भनी आरोप लगाउनुभयो।मुख्यमन्त्री दक्षिण बंगालमा डीभीसीलाई दोष दिन्छिन् र उत्तर बंगालमा भुटानलाई दोष दिन्छिन् भनी मुख्यमन्त्रीलाई आरोप लगाउनुभयो।राज्य सरकारका अनुसार, उत्तर बंगालको पहाडी, तराई र डुवर्स क्षेत्रमा वर्षा र पहिरोका कारण अहिलेसम्म कम्तीमा २३ जनाको मृत्यु भइसकेको छ।

**<u>राज्यपाल</u>**

राज्यपाल सीवी आनन्द बोसले आज साँझ दुधियामा क्षतिग्रस्त फलामको पुलको निरीक्षण गर्नुभयो।निरीक्षणको क्रममा  स्थानीय बासिन्दाहरूसँग अन्तरक्रिया पनि गर्नुभयो  र प्रभावित मानिसहरूलाई राहत सामग्री वितरण गर्नुभयो।आज दिउँसो बागडोगरा विमानस्थलमा आइपुगेपछि, राज्यपाल दुधियाको लागि प्रस्थान गर्नुभएको थियो , जहाँ उहाँले  स्थितिको निरीक्षण गर्नुभयो।राज्यपाल सीवी आनन्द बोसले  –  यो समस्या कसरी समाधान गर्न सकिन्छ भन्ने बारेमा आफ्नो चिन्ता व्यक्त गर्नुभयो भने यस आपदामा आवश्यक पहल गर्ने बताउनुभयो।

**दार्जिलिङ र सिलिगुडी-यातायात**

लगातारको वर्षा र पहिरोले क्षतिग्रस्त उत्तर बंगालले आज केही राहत महसुस गरेको छ। दार्जिलिङ र सिलिगुडी बीचको यातायात मार्ग अब पुनः खुलेको छ|जसले गर्दा सयौं अलपत्र पर्यटकहरू फर्कन सकेका छन्|विगत केही दिनदेखिको भारी वर्षाले उत्तर बंगालको धेरैजसो भाग डुबानमा परेको थियो। पर्यटकहरू, विशेष गरी पूजाको समयमा दार्जिलिङ जानेहरू, पहिरोले सडक अवरुद्ध पारेको कारण अलपत्र परेका थिए। राष्ट्रिय राजमार्ग १० आइतबारसम्म पूर्ण रूपमा अवरुद्ध थियो, जसले गर्दा दार्जिलिङ र सिलिगुडी बीचको सम्पर्क विच्छेद भएको थियो।

सोमबार मौसममा सुधार आएसँगै, सडक आंशिक रूपमा सफा गरिएको छ। दार्जिलिङतर्फको यात्रा अब सम्भव छ।प्रशासनका अनुसार, अलपत्र पर्यटकहरू अब सुरक्षित रूपमा समतल फर्किरहेका छन्। यद्यपि, टाइगर हिल र रक गार्डेन जस्ता केही पर्यटकीय स्थलहरूमा पहुँच निषेध गरिएको छ।शनिबार साँझदेखि सुरु भएको मुसलधारे वर्षा आइतबारसम्म जारी रह्यो। दार्जिलिङमा २४ घण्टामा २६१ मिमी वर्षा भएको रेकर्ड गरिएको छ। भारी वर्षाका कारण मिरिक क्षेत्रमा सबैभन्दा बढी क्षति भएको छ, जसले गर्दा धेरै घर र सडकहरू क्षतिग्रस्त भएका छन्।

राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तर बंगालमा भएको यस प्राकृतिक प्रकोपप्रति गहिरो समवेदना व्यक्त गरेका छन्। यसैबीच, मुख्यमन्त्री ममता बनर्जीले निरन्तर परिस्थितिको अनुगमन गरिरहनुभएको छ। आइतबार,उहाँले पहाडी क्षेत्रको अवस्थाको बारेमा पाँच जिल्लाका जिल्ला मजिस्ट्रेटहरूसँग भिडियो कन्फरेन्स गर्नुभएको थियो।

**सिलगढी हेल्प डेस्क**

सिलगढी नगर निगमले दार्जिलिङ लगायत विभिन्न स्थानबाट आउने पर्यटकहरूका लागि सिलगढी जंक्शनमा हेल्प डेस्क खोलेको छ।रिपोर्ट अनुसार, दार्जिलिङ लगायत विभिन्न पहाडी पर्यटकीय स्थलहरूबाट पर्यटकहरू आइतबार दिउँसोदेखि आउन थालेका थिए। सिलगढीका मेयर गौतम देवले आज  हेल्प डेस्कको भ्रमण गर्नुभयो।मेयरले पर्यटकहरूलाई सहयोग गर्न हेल्प डेस्क र नियन्त्रण कक्ष खोलिएको बताउनुभयो। यसबाहेक, कञ्चनजङ्घा रंगशालामा रहेको युवा आवास, पन्थ निवास र अग्रसेन भवन पर्यटकहरूका लागि नि:शुल्क खोलिएको छ। पर्यटकहरूलाई कुनै पनि असुविधा नहोस् भन्ने कुरामा विशेष ध्यान दिइँदैछ भनी उहाँले बताउनुभयो|

**अनित थापा -मिरिक**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले आज मिरिक र सौरेनीको पैह्रोग्रस्त क्षेत्र र पीडित परिवारहरुसित भेट् गर्नुभएको छ|श्र थापा सौरेनी ढाड गाउँमा पुगेर स्थितिको जायजा लिनुभयो|श्री थापाले मिरिक र सौरेनीमा पहिरो सम्भावित घरहरुका परिवाहरुहरुका निम्ति बनाईको तीनवटा राहत शिविरमा पुगेर स्थितिबारे जानकारी लिनुभएको छ साथै उहाँले पैह्रोमा परेर मृत्यु हुनेहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ|श्री थापाले भन्नुभयो पैह्रोका कारण क्षतिग्रस्त भएका १०० परिवारहरुलाई राहत शिविरमा राखिएको छ र उनीहरुलाई सामुदायीक किचनद्वारा सेवा सुविधा पुराईरहिएको छ|उहाँले पीडित परिवारहरुमा हरसम्भव सहयोग गर्ने आश्वान दिनुभएको छ|पत्रकारहरुको साक्षात्कारमा श्री थापाले भन्नुभयो- 'हामी समधान खोजौं अनि काम गरौं, यो राजनीति गर्ने समय होइन|यस आपदाको समयमा सबै राजनीतिदेखि माथी उठेर मानवताको रूपमा सेवा र सहकार्य गर्नको लागि आह्वान गर्नुभयो|श्री थापाले भन्नुभयो-'मुख्यमन्त्रीले पनि पैह्रोमा परेका पीडित परिवारहरुलाई राहतको घोषणा गर्नुभएको छ|जसको लागि म उहाँप्रति आभार व्यक्त गर्दछु|यस प्रकोपलाई राष्टीय आपदा घोषणा किन गरिएन भनी सोधिएको प्रश्नमा श्री थापाले भन्नुभयो-'यो भाजपा सरकारको निर्णयमा भर पर्ने विषय हो|'

**अनुप गदाल राजीनामा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा युवा शक्ति उपाध्यक्ष एवं खर्साङ महकुमा कार्यकारी सचिव अनुप गदालले पद अनि पार्टीबाट राजीनामा दिनुभएको छ|उहाँले आफ्नो राजीनामा पत्र युवा शक्ति केन्द्रीय अध्यक्ष अमृत योन्जनलाई  सम्बोधन गरेर पत्र लेख्नुभएको छ|

**भाजपा नेताओं – हमला**

पश्चिम बंगालको सिलगढ़ीका भाजपा विधायक डॉ. शंकर घोष अनि मालदा उत्तर विधानसभा सीट देखि पार्टी सांसद खगेन मुर्मूमाथि आज प्राणघातक हमला गरियो। यो हमलाहरू त्यसबेला भयो जब उनीहरू आ-आफ्ना छेत्रमा बाढ़ी प्रभावित मानिसहरूलाई राहत सामग्री वितरित गरि रहेका थिए। अराजक तत्वहरूले यी दुवै भाजपा विधायकहरूमाथि ढंगा र इन्टा प्रहार गरे जसमा मालदा उत्तरका भाजपा सांसद खगेन मुर्मूको टाउकोमा गंभीर चोट लागेको छ।

**नेपाल आपदा**

नेपालमा भएको हालको मनसुन आपदामा परि ज्यान गुमाउनेहरूको संख्या बढेर 49 पुगेकोछ। गए शनीवाग देखि भएको मुसलघारे वर्षामा परि केवल इलाम जिल्लामा नै 38 जनाको ज्यान गएको पुलिसले बताएको छ। नेपालका सशस्त्र बलहरू अनुसार वर्षा, बाढी र पैह्रोमा परि मर्नेहरूको संख्या अझ भढ्न सक्छ कारण राहत र बचाव कार्य जति जति अघि बढी रहेको छ पुरिएका शवहरू फेला परि रहेको छ। कोशी, बागमति र मध्य प्रदेशमा सब भन्दा बढी नोक्सानी भएको बताइएको छ। वर्षा र बाढीले गर्दा कैयन सड़कहरू पनि क्षतिग्रास्त भएका छन्। जनजीवन निकै बाधित भएकोले हिजो र आज विद्यालयहरूमा सरकारले विदाको घोषणा पनि गरेको थियो। झापामा बाढीले गर्दा 25000 भन्दा बढी मानिसहरू बिस्थापित भएका छन्। माइ, मेची, रतुवा, पालिया, निन्दा, तिमाई, अन्धुवा र कमल नदीको बाढीले झण्डै 5500 घर जलमग्न भएको सरकारले बताएको छ। राहत र उद्धार कार्य जारी छ। मेची राष्ट्रीय राजमार्ग नराम्रो गरि प्रभावित बनेको छ। जोगमाया जलविद्युत परियोजनालाई पनि निकै क्षति पुगेको छ। झापा इलाम र वरीपरिका कतिपय जिल्लाहरूमा विद्युत आपुर्ती पनि बाधित भएको छ। कैयन पुलहरू पनि भत्केका छन्।